# देवघाट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
४ नं. प्रदेश, नेपाल

प.सं.: ०७५/७६
च.नं. : ५२

मिति: २०७५/४/१८

**विषय : नगर प्रहरी करारमा लिने सम्बन्धी सूचना ।**

सूचना प्रकाशन मिति : २०७५/४/१८

यस देवघाट गाउंपालिका कार्यालय अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को कार्य प्रयोजनको लागि नगर प्रहरी आवश्यकता परेको हुंदा करारमा लिनुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका ईन्छुक नेपाली नागरिकहरु बाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

१. आवश्यक संख्या : ४ (चार) ।

२. शैक्षिक योग्यता : साधारण लेखपढ ।

३. उमेर : १८ वर्ष पूरा भै ५० वर्ष ननाघेको ।

४. करार सेवा अवधि : २०७६ आषाढ मसान्तसम्म हुनेछ । कार्यालयको आवश्यकता र कार्य प्रगतिको आधारमा म्याद थप हुन सक्नेछ ।

५. दरखास्त दस्तुर : रु. ५०० (पांच सय रुपैयां) को नगदि रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ ।

६. तलव स्केल तथा अन्य सुविधा : करार सेवाको शर्तनामामा उल्लेख भए बमोजिम हुनेछ ।

७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ख) शैक्षिक योग्यता, तालिम तथा अनुभवको प्रमाणपत्र भएमा सो को प्रतिलिपी ।

८. विशेष ग्राह्यता : सुरक्षा सेवामा निवृत्त भएका (भु.पु. प्रहरी, सेना आदि) लाई दिईनेछ ।

९. छनौट विधि : अन्तर्वार्ता (अन्तर्वार्ताको मिति, समय र स्थान सम्पर्क मितिमा तोकिनेछ)

१०. सम्पर्क मिति : सूचना प्रकाशित मितिले १६ औं दिन (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) ।

..............................

तीर्थराज ढुङ्गाना